आज मिति २०७९ फाल्गुन ९ गते मंगलबारका दिन आर्थिक वर्ष २०७९/०८० को पाचौँ कार्यपालिकाको वैठक महाकुलुङ गाउँपालिकाका अध्यक्ष श्री सूर्य बहादुर राईज्यूको अध्यक्षतामा बसी देहायका कार्यापालिका सदस्यहरुको उपस्थितिमा प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

तपसिलः

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री सूर्य बहादर राई कुलुङ | अध्यक्ष |
| २. | श्री विपना कुलुङ | उपाध्यक्ष |
| ३. | श्री पर्खीधन राई | १ नं. वडाध्यक्ष |
| ४. | श्री प्रदिप राई | २ नं. वडाध्यक्ष |
| ५. | श्री दुर्गा बहादुर राई | ३ नं. वडाध्यक्ष |
| ६. | श्री सरस्वती राई | ४ नं. वडाध्यक्ष |
| ७. | श्री महलसिं राई | ५ नं. वडाध्यक्ष |
| ८. | श्री सिद्धिधनि राई | कार्यपालिका सदस्य |
| ९. | श्री सिता माया वि. क. | कार्यपालिका सदस्य |
| १०. | श्री चस्मिता वि. क. | कार्यपालिका सदस्य |
| ११. | श्री निरकुमारी राई | कार्यपालिका सदस्य |
| १२. | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य |
| १३. | श्री दौलित राई कुलुङ | कार्यपालिका सदस्य |
| १४. | श्री पदम बहादुर बस्नेत | सदस्य- सचिव |
| | आमन्त्रितः | |
| १५. | श्री नारायण काजी बस्नेत | लेखा अधिकृत |
| १६. | श्री झमक बहादुर कटुवाल | शिक्षा अधिकृत |
| १७. | श्री हरी प्रसाद आचार्य | जनस्वास्थ्य निरीक्षक |
| १८. | श्री छेवाङ शेर्पा | इन्जिनियर |
| १९. | श्री साजन कोइराला | सब-इन्जिनियर |
| २०. | श्री प्रदिप बाबु बस्नेत | पशु स्वास्थ्य प्रमुख |
| २१. | श्री विपना के. सी. | कृषि शाखा |
| २२. | श्री प्रमिना राई | कार्यालय सहयोगी |
| २३. | श्री बाबुराम किराती | कार्यालय सहयोगी |

प्रस्ताव तथा निर्णयहरुः

निर्णय नं. १ महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को चौथो कार्यपालिकाको मिति २०७९ पौष ४ गते बसेको कार्यपालिकाको वैठकको निर्णय तथा कार्यान्वयन भए नभएको बारेमा छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २ महाकुलुङ गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालयमा कार्यरत कर्मचारी , स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी सामुदायिक विद्यालयमा कार्यरत गाउँपालिका अनुदानका शिक्षकहरुको सेवा करार अवधि आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रदेश समपुरक योजनामा प्राप्त भएका हुगाँ खोला मोटेरेबल पुल र भुवा खोला मोटेरेबल पुलको निर्माण कार्य पुरानो डिपिआर अनुसार बढाउन नसकिने देखिएकाले नयाँ डिपिआर निर्माण गरी निर्माण कार्य अगाडी बढाउनको लागि कार्यपालिकाको मिति २०७९/०५/२४ गते बजेट विनियोजन भएकोमा हुगाँ खोलामा ट्रष्ट ब्रिज डिपिआर निःशुल्क गरिदिएको र भुवाखोला ट्रष्ट ब्रिज र फुलवाती खोला ट्रष्ट ब्रिजको डिपिआर निर्माण परामर्श सेवादाताबाट गरी DPR प्राप्त भएकाले प्राप्त भएको नयाँ DPR लाई स्वीकृत गरी खरिद कार्य अगाडी बढाउने साथै पुरानो डिपिआर भएता पनि कार्यान्वयन गर्न असहज भएकाले नयाँ DPR निर्माण गरिएको साथै समेत विनियोजन गरिएकोले उक्त DPR निर्माणको रकम भुक्तानी गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ४ नेपाल सरकार स्वास्थ्य बीमा बोर्डबाट जारी भएको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि,२०७८ कार्यपालिकामा प्रस्तुत गरी सो कार्यविधिको परिच्छेद २ को दफा (छ) मा व्यवस्था भएको स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहायको पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) श्री सूर्य बहादुर राई | - संयोजक |
| (ख) श्री पर्खधिन राई | - सदस्य |
| (ग) श्री बसन्त कुमार राई | - सदस्य |
| (घ) श्री एकता देवी राई | - महिला स्वास्थ्य स्वयम सेविका सदस्य |
| (ङ) श्री .. | |
| (च) श्री हरि प्रसाद आचार्य | - सदस्य |
| (छ) श्री प्रदिप बाबु बस्नेत | - सदस्य |
| (ज) श्री पदम बहादुर बस्नेत | - सदस्य सचिव |

निर्णय नं. ५ महाकुलुङ प्राथमिक अस्पतालको निर्माण सम्झौता भएको लुम्बिनी-खानी जे. भी. को सम्झौता अनुसारको म्याद समाप्त भएकाले उक्त निर्माण कम्पनीको म्याद २०८० जेठ मसान्तसम्म थप गर्ने साथै अस्पतालको प्राविधिकबाट प्राप्त भएको चौथो रनिङ बीलको भुक्तानी गर्ने साथै डिपिआरमा छुटेको पर्खाल, पानी ट्याङ्की, सेफ्टी ट्याङ्की र सोक पिटहरुको संशोधित लागत अनुमान स्वीकृत गरी भेरियसन अर्डर दिने निर्णय गरियो ।

निर्णय नं. ६ महाकुलुङ गाउँपालिका वडा नं. २, ३ र ५ को वडा भवन निर्माण जिल्ला समन्वय समितिसँग सम्झौता गरी प्राप्त भएको रनिङ बीलको भुक्तानी पालिकाबाट विनियोजित बजेटबाट गर्ने निर्णय गरियो । साथै उक्त वडा कार्यालयको भवनको माथिल्लो तलाको जस्ताको छानालाई परिवर्तन गरी भेरियशन गर्ने (कम्पाउण्ड घेराबार, गेट) र RCC कन्क्रिट ढलान गर्ने र कम्पाउण्ड घेराबार, गेट निर्माणका लागि वडा नं. २ र ५ वडालाई ९ लाखका दरले जम्मा १८ लाख बजेट संचित कोषमा रहेको अल्याबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ सवारी साधन भाडा शीर्षकमा संचित कोषमा रहेको अल्या रकमबाट रु. ३ लाख बजेट थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८ घरेलु हिंसा हेरचाह केन्द्रको लागि गाउँपालिकाबाट विनियोजन भएको रकम कार्यक्रम सञ्चालन गरी कार्यक्रम सम्पन्न भएको बील, भर्पाइ पेश हुन आएमा उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ महाकुलुङ गाउँपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा विनियोजन भएको बजेट तथा गाउँपालिकाबाट सम्पादन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सर्वेक्षण गर्नका लागि देहायनुसारको अनुगमन तथा सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| (क) श्री विपना कुलुङ (उपाध्यक्ष) | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| (घ) श्री सिद्धिमनी कुलुङ(कार्यपालिका सदस्य) | - सदस्य |
| (ङ) योजना शाखा प्रमुख | - सदस्य सचिव |

निर्णय नं. १० महाकुलुङ गाउँपालिकाको ब्याकुलोडर सञ्चालन सम्बन्धी कार्यविधी, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ जेष्ठ नागरिक सेवा तथा आश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ पोछाक सडकको ट्र्याक ओपनका लागि गाउँपालिकाको संचित कोषमा रहेको अल्या रकमबाट रु. ६ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ महाकुलुङ गाउँपालिकामा मृगौला, क्यान्सर रोगी/ मेरुदण्ड, पक्षघातका व्यक्तिलाई औषधी उपचार खर्च वापतको रु. जम्मा ९०,०००। (अक्षरेपी नब्बे हजार मात्र) रकम सोधभर्नाका लागि श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. १५ महाकुलुङ गाउँपालिकाको बेरुजु फर्च्यौट गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मिति २०७९/०९/०४ गतेको निर्णय बमोजिम गठन भएको समिति संशोधन गरी तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| श्री पर्खीधन राई | -संयोजक |
| श्री प्रदिप राई | - सदस्य |
| श्री महलसिं राई | - सदस्य |

निर्णय नं. १६ महाकुलुङ गाउँपालिका वडा नं. १ मा नाजिङ धट्ट र लालिमासामफाम नजिकैको खोला टैबुक खोला झोलुङ्गे पुल हुङ्गश्वर झोलुङ्गेपुल, महाकुलुङ गाउँपालिका वडा नं. २ मा थोन्दो, सिन्धीखेत, टोल्वा र थाङ्दाक झोलुङ्गे पुल,महाकुलुङ गाउँपालिका वडा नं. ३ को मेरापिक जाने बातेल्मा र सगोल झोलुङ्गे पुल, महाकुलुङ गाउँपालिका वडा नं. ४ को लागि मोक्सोम-बुकुरदोवा र कोङ्खो-तितिला झोलुङ्गे पुल र महाकुलुङ गाउँपालिका वडा नं. ५ मा कोठे, चोउँछो, सार्खोवा र फुर्छि बगर झोलुङ्गे पूल र बुधुम्तु झोलुङ्गेपुल निर्माणका लागि प्रदेश सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. १७ महाकुलुङ गाउँपालिकाको महाकुलुङ प्राथमिक अस्पतालमा डेन्टल सेवा सञ्चालन गर्नका लागि औजार उपकरणहरु खरिद गर्नका लागि स्वास्थ्य शाखाले रु. ८ लाख जनशक्ति व्यवस्थापन सहित बजेट विनियोजन गरेकोमा औजार उपकरणहरु खरिद गर्दा रु ३ लाख अपुग भएकाले संचित कोषमा रहेको अल्या रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १८ मिति २०७९/०९/२८ गते प्रकाशित सूचना अनुसार खर्कमा गोठ सुधार, रागो तथा साँढे खरिद वितरण कार्यक्रमको लागि व्यावसायिक पशुपन्छी पालन सञ्चालन कार्यविधि, २०७६ बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १९ स्थानीय तहबाट माध्यमिक विद्यालयहरुको लागि सञ्चालन गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तपसिलका कार्यक्रमहरु सहित मिति २०७९/११/१९ र २० गते महाकुलुङ गाउँपालिका वडा नं. ४ मा अवस्थित श्री गुदेल माध्यमिक विद्यालयमा गर्ने र उक्त प्रतियोगिताबाट प्रथम हुन सफल विद्यालय तथा खेलाडीहरुलाई जिल्ला स्तरमा हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने निर्णय गरियो। साथै उक्त खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि बजेट अपुग हुने भएकाले संचित कोषमा रहेको अल्याबाट रु ३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो।

सञ्चालन गरिने खेलकुदहरु:

१. छात्र/छात्रा भलिबल
२. छात्र/छात्रा एथ्लेटिक्स तर्फका खेलहरु

निर्णय नं. २० महाकुलुङ गाउँपालिकाको लिजाको नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं. २१ आलु पकेट विकास कार्यक्रम सञ्चालनको लागि वडा नं. ५ छनौट भएको हुदाँ उक्त वडाबाट आएको आवेदनसँग सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २२ खायन आलु उत्पादन कार्यक्रमको लागि छनौट भएको वडा नं. १, २, ३, र ४ बाट आवेदन माग भए पनि उक्त अनुसार आवेदन नआएको हुदाँ वडा नं. १ बाट ३ वटा र वडा नं. २ बाट १ वटा सँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २३ वडाहरुसँग माग सङ्कलन गरी आवश्यकताको आधारमा कार्यविधि अनुसार बिउ खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. २४ महाकुलुङ गाउँपालिका वडा नं. ४ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र तुमाउको नाममा दर्ता कायम भएको एम्बुलेन्सको इन्स्योरेन्स तथा मर्मत सम्भार र कार्यक्रम बापत खर्च भएको रकम रु. १ लाख १९ हजार संचित कोषमा रहेको अल्याबाट खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो। साथै सो एम्बुलेन्स चालकलाई ६ महिनाका लागी पालिकाले करार सेवामा नियूक्ति गर्ने र सोको तलब भत्ता डोनरले नै भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. २५ खिरौले सुर्के खोला लघुजलविद्युत आयोजनाको लागि नेपाल हेल्फेवोनका अध्यक्ष नाम्गेल शेर्पाद्वारा १ करोड ६५ लाख दिने र बाँकी कुल रकमको २० प्रतिशत ३० लाख महाकुलुङ गाउँपालिकाले लगानी गरी निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. २६ गुदेल स्वास्थ्य चौकीमा वडा कार्यालयबाट विनियोजन भएको इन्सिनेटर खरिद शीर्षकलाई संशोधन गरी इन्सिनेटर निर्माण शीर्षक परिपर्तन गर्ने निर्णय गरियो।

निर्णय नं. २७ हुगाँ खोलामा ह्युम पाइप खरिदका लागि रु १० लाख संचित कोषमा भएको अल्याबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. २८ आ. व. २०७९/०८० को विनियोजन बजेट अनुसारका योजना अनिवार्य रुपमा फाल्गुन मसान्तभित्र सम्झौता गर्न उपभोक्ता समितिलाई आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं. २९ महाकुलुङ गाउँपालिकाले तयार गरेका डिपिआरहरुका आधारमा सम्बन्धित निकायमा योजना माग गर्ने निर्णय गरियो।

निर्णय नं. ३० महाकुलुङ गाउँपालिका भित्रका रोडहरुको स्तरोन्नती गर्नका लागी EBID बाट टेन्डर गर्नका लागी कार्यालयलाई स्वीकृत गर्ने निर्यण गरियो।

निर्णय नं. ३१ अम्मरज्योति आधारभूत विद्यालयको लागि बालमैत्री शौचालय निर्माणका गाउँपालिकाको संचित कोषमा रहेको अल्याबाट रु. १० लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ३२ महाकुलुङ गाउँपालिकाको कार्यपालिका वैठक मिति २०७९/११/ २८ गते कार्यापालिका वैठक र २०७९/११/ २९ गते गाउँसभा बस्ने निर्णय गरियो।

निर्णय नं. ३३ दिप्लीघाट सडक रक कटिङका लागि गाउँपालिकाको संचित कोषमा रहेको अल्याबाट रु १ लाख ५५ हजार रुपैँया विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४ रत्नप्रगतिशील आधारभूत विद्यालयको पर्खाल निर्माणका लागि संचित कोषमा रहेको अल्याबाट रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५ सिम्बल्दो खानेपानी निर्माण तथा मर्मतका लागि रु ३ लाख र मोम्लाम्दो देखि अस्पताल जाने गोरेटो बाटो निर्माण ७ लाख संचित कोषमा रहेको अल्याबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६ बुङ प्रहरी चौकीको सामग्री खरिदका लागि १ लाख ५० हजार रुपैँया संचित कोषमा रहेको अल्याबाट विनियोजन गर्ने निर्णय गरियो ।